## निर्णयहरु

१. बर्षातको समयमा बाढीको जोखिम रहेकोले सतर्कता अपनाउन गाउँपालिकाबासीहरुको सावधानीको लागि सार्वजनिक सूचना जारी गर्ने ।

२. मिति २०७९ असार १३ गते रातीदेखि मिति २०७९ असार १४ गते हालसम्म परिरहेको अविरल बर्षा र सो बर्षाबाट प्रभावित क्षेत्रको स्थलगत अनुगमन गरी प्रभावित घरपरिवारको सम्बन्धमा समिक्षा गरियो । उक्त बर्षाबाट पीडीतहरु उद्दार राहत पुनर्स्थापनाको लागि पूर्व तयारी, उद्दार, राहत वितरण, पुनर्स्थापना लगायतको काम यथासक्दो छिटो गर्ने ब्यबस्था मिलाउने ।

३. बाढीबाट पीडित नागरिकहरुलाई राहत उपलब्ध गराउन पर्ने भएकोले खाद्यान्न तथा अति आवश्यक सामाग्रहीहरुको दररेट संकलन गरी खरिद प्रक्रिया आगाडी बढाउने । खरिद भएका सामाग्रीहरुको PAMS अभिलेखिकरण गर्ने ।

४. राहत उपलब्ध गराउँदा यसै साथ संलग्न ढाँचामा भरपाइ तयार गर्ने ब्यबस्था मिलाउने । संभव भएसम्म सुरक्षाकर्मीको प्रत्यक्ष निगरानीमा राहत बाँड्ने ब्यबस्था मिलाउने ।

५. राहत सामाग्री खरिद तथा वितरणको कार्य गाउँ कार्यपालिकाको कार्यालयबाट स्थानीय विपद व्यवस्थापन समितिको निर्णयबाट मात्र गर्ने ।

६. वडा वडामा राहत वितरण तथा विपदजन्य घटनाको अनुगमन, निरीक्षण, पृष्ठपोषणको लागि प्रत्येक वडामा देहाय अनुसारको समिति गठन गर्ने ।

देहाय

| | | |
|---|---|---|
| सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक | जम्मा ७ सदस्यीय |
| संयोजकले तोकेको वडासदस्य | सदस्य | |
| संयोजकले तोकेको महिला वडासदस्य | सदस्य | |
| संयोजकले तोकेको वडाभित्रका सामाजिक संघ संस्थाको प्रतिनिधि मध्ये ३ जना (नेपाल रेडक्रस सोसाइटीको प्रतिनिधि समेत गरी) | सदस्य | |
| वडा सचिव | सदस्य सचिव | |

७. विपदबाट जोखिममा परेका ब्यक्ति समुदायको उद्दार पुनर्स्थापनाको लागि स्थानीय नेपाल प्रहरी, सशत्र प्रहरी, नेपाल रेडक्रस सोसाइटी लागायतका सामाजिक संघ संस्था संग समेत सहकार्य र समन्वय गर्ने ।

८. मनसुनजन्य विपदको जोखिम नियन्त्रण गर्न गाउँपालिकाले आवश्यक तयारी उद्दार तथा राहत बितरणको काम गर्ने ।

९. आकस्मिक तथा विपदजन्य घटना ब्यबवस्थापन सम्बन्धमा ।

**निर्णय :** आकस्मिक बिपदजन्य घटनाबाट भएको क्षती सम्बन्धी बिबरण (सार्वजनिक सम्पती जस्तै बाटो, पुल, भवन लगायत तथा निजी सम्पती जस्तै मानवीय क्षती, चौपाया क्षती, घर, गोठ, खेत, बारी नोक्सानी लगायत) को सम्बन्धमा त्यस्तो घटना घटेको ढीलोमा सात दिन भित्र सो सम्बन्धी बिबरण वडा समितिको निर्णय सहित गाउँपालिकामा पठाउने ।

आकस्मिक तथा बिपदजन्य घटनाबाट जनधनमा क्षती पुगेमा तत्काल राहत, उद्दार लगायतको काम गर्नु पर्ने अवस्थामा गाउँ कार्यपालिकाको स्विकृति अनुसार मात्र राहत, उद्दार, स्वास्थ्य उपचार, पुनरस्थापना सम्बन्धी काम गर्ने ब्यबस्था मिलाउने ।

१०. मनसुनजन्य विपदजन्य घटना व्यवस्थापन राहत सामाग्री वितरण, उद्दार, पुनर्स्थापना तथा विपदजन्य घटनाको अनुगमन, निरीक्षण, पृष्ठपोषणको लागि गाउँपालिका स्तरिय देहाय बमोजिमको समिति गठन गर्ने ।

देहाय

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| विपद सम्बन्धी फोकल पर्सन | सदस्य |
| स्थानीय सुरक्षा निकायको प्रमुख (नेपाल प्रहरी तर्फ) | सदस्य |
| नेपाल रेडक्रस सोसाइटीको सभापति | सदस्य |
| लेखापाल | सदस्य |
| संयोजकले तोकेको स्थानीय सामाजिका संघ संस्थाको प्रमुख मध्ये १ जना | सदस्य |
| जिन्सी शाखा प्रमुख वा निजले तोकेको कर्मचारी | सदस्य |
| प्रशासन शाखा प्रमुख वा निजले तोकेको कर्मचारी | सदस्य सचिव |

११. विपदजन्य घटना ब्यबस्थापनको लागि अन्य शिर्षकबाट रकमान्तर गरेर भएपनि गाउँपालिकाले आवश्यक बजेट सुनिश्चित गर्ने ।

१२. अन्य संघ संस्थाले गाउँपालिका संग समन्वय गरी गाउँपालिका वा जिल्ला प्रशासन कार्यालय सुनसरीको स्विकृतिले एकद्वार प्रणाली मार्फत मात्र राहत सामाग्री वितरण गर्ने ब्यबस्था मिलाउने ।

१३. बाढी प्रभावित भएका पीडीतहरुलाई अग्लो स्थानहरुमा अस्थायी रुपमा स्थानान्तरण गर्ने ।

१४. वडा कार्यालयको माग अनुसार गाउँपालिकाले आवश्यक खाद्यान्न र त्रिपाल उपलब्ध गराउने ।